
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २५४, पृष्ठ ८ | काठमाडौं, बिहीबार ८ मा... त् ११४६ | THURSDAY, JANUARY 22, 2026 | काठ... थ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## इपिसेन्टर झापा-५

# मतदाता जोगाउँदै ओली, बालेन तान्दै

झापा-५ को चुनावी परिणाम के होला ? सबैको चासो र चिन्ता छ। किनभने, यो क्षेत्रमा एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाह प्रतिस्पर्धी छन्। अर्कोतिर, दुवै जना भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएका छन्। संगठन बलियो रहेका कारण एमाले अध्यक्ष ओली विरासत जोगाउने ध्याउन्नमा छन्। बालेन भने झापा-५ बाटै नयाँ इतिहास रच्ने दाउमा छन्।

पार्थ मण्डल | झापा

समाचार पृष्ठ २

# ओली भर्सेस बालेनको अन्तर्य

केशवशरण लामिछाने | पोखरा

चुनाव त देशैभरि हुँदैछ, १ सय ६५ निर्वाचन क्षेत्रमा। तर, देशभरिकै ध्यान झापा-५ मा छ। बालेन्द्र शाह यही निर्वाचन क्षेत्रको उम्मेदवार छन्। खासमा यो क्षेत्र एमाले अध्यक्ष केपी शर्मा ओलीले २०४८ सालदेखि चुनाव लड्दै आएको क्षेत्र हो। तर, चर्चा र चासो भने बालेनको उपस्थितिले नै गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाहलाई घोषणा गरिसकेको छ। र, एमालेको स्वाभाविक प्रधानमन्त्री उम्मेदवार पार्टी अध्यक्ष केपी शर्मा ओली नै हुन्। यहाँको प्रतिस्पर्धा रोचक हुने प्रधानमन्त्रीका दुई उम्मेदवार एउटै निर्वाचन क्षेत्रका प्रतिस्पर्धी भएर होइन। यो खासमा नयाँ र पुराना पुस्ताको प्रतीकात्मक लडाइँ हो।

रास्वपा सभापति रवि लामिछाने र उनको पार्टीका नेताहरूको आत्मविश्वास पार्टीले बहुमतै ल्याउँछ भन्ने देखिन्छ। अर्थात् प्रधानमन्त्री बालेनलाई बनाउन सकिन्छ भन्ने छ। त्यो आत्मविश्वास नभएका भए बालेन पनि रास्वपा छिर्दैनथे। त्यही पदले उनमा राजनीतिको महत्त्वाकांक्षा चुलिएको बुझ्न कठिन छैन।

### टिप्पणी

- नयाँ र पुराना पुस्ताको प्रतीकात्मक लडाइँ
- बालेनको बेग्लै लगानी छैन, जुन ओलीको छ।
- २४ गतेको विध्वंस र त्यसमा बालेनको भूमिकाबारे आममतदाताले प्रश्न उठाइ विश्लेषण गरिरहेका छन्।

रास्वपाको आश्वासन र आत्मविश्वास भएपछि एक थान सांसद जिते बालेन प्रधानमन्त्री हुन सक्ने भइहाले। तर, उनले झापा-५ नै रोजेर एक किसिमको धृष्टता गरे। यो भनेको उनी फगत सांसद जित्न वा प्रधानमन्त्री बन्नमात्रै चाहन्नन् भन्ने सजिलै बुझ्न सकिन्छ। उनी अघिल्ला पुस्ताका एक प्रमुख पात्रलाई नै हराएर चुनाव जित्नुको स्वाद लिन चाहन्छन्। जेन-जी पुस्ताले चाहेजस्तो गरी राजनीतिबाट सिंगो पुरानो पुस्तालाई बढार्न चाहन्छन्। त्यसो गर्न पुरानाको राजनीतिक विरासतको टाउकै प्रहार गर्नुपर्छ भन्ने उनलाई लागेको होला। यसलाई उनको पुस्तान्तरणको राजनीतिक सुझबुझ मान्न सकिन्छ।

बालेनले जिते भने त्यो नतिजा चुनावी चक्मा अवश्य हुनेछ, ओलीले जित्दा सामान्य। झापा आफैंमा एमालेको आधारभूमि हो। त्यसमाथि राजनीतिक इतिहास र पृष्ठभूमिसहित पटकपटकको प्रधानमन्त्रीको व्यक्तित्व ओलीसँग छ। त्यसो त २०७९ सालको निर्वाचनमा देशभरमा सबैभन्दा धेरै मत ल्याएर जित्ने एक नम्बर उम्मेदवार उनै ओली थिए। त्यतिबेला ५२ हजार ३ सय १९ मत उनले पाए। उनको पार्टीले समानुपातिकमा भने १६ हजार कम। अर्थात् ओलीको व्यक्तित्वले त्यति मत बढायो।

चुनाव संगठनले जित्ने जिताउने विश्वास गर्ने वामपन्थीका आँखामा बालेनको झापामा खास संगठन छैन। बालेनको बेग्लै लगानी पनि छैन, जुन ओलीको छ। समय भने बदलिएको छ, चुनावको नतिजा संगठनको हातमा कम आममतदाताकहाँ ज्यादा हुन थालेको छ। ऊ बेलै रास्वपाका सुरेश पोखरेलले ११ हजार मत पाउँदा पार्टीले समानुपातिकमा १८ हजार कटाएको थियो। ओलीलाई मत दिएकाले पनि ऊ बेला समानुपातिकमा रास्वपालाई भोट हालेको बुझ्न मथिंगल घुमाउनु पर्दैन।

जेन-जी आन्दोलनअघि नेपाली राजनीतिमा पुराना र नयाँको लडाइँका मूल प्रतिस्पर्धी पनि ओली र बालेन नै थिए। त्यसका दृष्टान्त यहाँ लेखिरहनु नै पर्दैन। जेन-जी समूहको खुलमखुला दबाब बालेन प्रधानमन्त्री बनून् भन्ने थियो आन्दोलनपछि। उनी बनेनन्। बन्न चाहेनन्। पछिल्लोपटक भित्री दबाबचाहिँ अब चुनाव लडून् र ओलीलाई हराऊन् भन्ने थियो। ओलीसँग प्रतिस्पर्धा गर्नु र उनलाई पराजित गर्नु व्यक्तिगतभन्दा ज्यादा दलतन्त्र र नेतातन्त्रको मियो ढलाउनु हो भन्ने बालेनलाई लागेको छ। त्यही सन्देश उनी दिन चाहिरहेका छन्। यद्यपि, भदौ २३ होइन, २४ गतेको विध्वंस र त्यसमा बालेनको भूमिकाबारे आममतदाताले प्रश्न उठाई विश्लेषण गरिरहेका छन्।

» बाँकी पृष्ठ ६




## इरान-अमेरिका तनाव चर्कियो



**दुबई** (एजेन्सी): इरानमा विरोध प्रदर्शनमाथि भएको कडा दमनको पृष्ठभूमिमा इरानका विदेशमन्त्री अब्बास अराघचीले संयुक्त राज्य अमेरिकाविरुद्ध अहिलेसम्मकै सबैभन्दा प्रत्यक्ष चेतावनी दिएका छन्। उनले यदि इरानमाथि नयाँ आक्रमण भयो भने इस्लामिक गणतन्त्रले उपलब्ध सबै सैन्य क्षमताबाट जवाफी कारबाही गर्ने स्पष्ट सन्देश दिएका हुन्।

द वाल स्ट्रिट जर्नलमा प्रकाशित आफ्नो अभिमत लेखमार्फत विदेशमन्त्री अराघचीले इरानका सशस्त्र फौज पूर्णरूपमा तयार रहेको बताउँदै सन् २०२५ को जुनमा इजरायलसँग भएको १२ दिने युद्धका बेला अपनाइएको संयम अब दोहोरिन नसक्ने संकेत गरेका छन्। उनका अनुसार, यस्तो अवस्था उत्पन्न भएमा त्यसको असर केवल इरान वा इजरायलमै सीमित नहुने, सम्पूर्ण क्षेत्र र विश्वभरका सर्वसाधारण प्रभावित हुनेछन्।

यो चेतावनी अमेरिकी विमानवाहक युद्ध समूह एसियाबाट पश्चिमतर्फ, मध्यपूर्व नजिकिँदै गरेको अवस्थामा आएको हो। अमेरिकी नौसेनाका एक अधिकारीका अनुसार यूएसएस अब्राहम लिंकन नेतृत्वको समूह हिन्द महासागर हुँदै मध्यपूर्वतर्फ अघि बढिरहेको छ, जसले क्षेत्रीय तनाव अझ चर्किने संकेत दिएको छ।

यसैबीच, इरानमा भएको विरोध प्रदर्शनमा मृत्यु हुनेको संख्या ४ हजार ५०० नाघेको दाबी अमेरिका-आधारित मानवअधिकार कार्यकर्ता समाचार एजेन्सीले गरेको छ। एजेन्सीका अनुसार हजारौं मानिस पक्राउ परेका छन् र मृत्युदण्डको सम्भावनालाई लिएर गम्भीर चिन्ता बढेको छ। इरानका सर्वोच्च नेता आयातोल्लाह अली खमेनीले समेत हजारौंको ज्यान गएको स्वीकार गर्दै त्यसको दोष संयुक्त राज्य अमेरिकालाई दिएका छन्।

## आईसीसीद्वारा बंगलादेशको अनुरोध अस्वीकार

International Cricket Council

**नयाँ दिल्ली** (एजेन्सी): क्रिकेटको नियामक निकायले बुधबार टी-२० विश्वकपका खेलहरू भारतबाहिर सार्न बंगलादेशको अनुरोधलाई अस्वीकार गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बंगलादेशी टोलीको सुरक्षामा सम्झौता गर्ने कुनै पनि स्वतन्त्र सुरक्षा खोजको अभावमा आईसीसीले खेल सार्न असमर्थ छ।'

बंगलादेश क्रिकेट बोर्डले बारम्बार भारतमा खेल खेल्न अस्वीकार गर्दै आएको छ र यहाँको सरकारले मंगलबार बोर्डलाई उसको अडान परिवर्तन गर्न दबाब नदिने बताएको छ।

# बर्दियामा महिला उम्मेदवार मैदानमा

यादव आचार्य | गुलरिया

फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचनका लागि बर्दियामा ६ जना महिला उम्मेदवार बनेका छन्। २ क्षेत्र रहेको बर्दियामा ३७ राजनीतिक दलका प्रतिनिधि र ३ जना स्वतन्त्र गरी ४० जनाले मनोनयन दर्ता गरेका छन्।

बर्दिया-१ को मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जनमुक्ति पार्टीका चन्द्राकुमारी राजगुरु, मंगोल नेसनल अर्गनाइजेसनबाट ज्योति योञ्जन र नेपाल मजदुर किसान पार्टीकी पवित्रा शाहीले मनोनयनपत्र दर्ता गराएका हुन्। त्यस्तै क्षेत्र नम्बर २ मा एमालेकी विमला विक र नेपाल कम्युनिस्ट पार्टी संयुक्तबाट नीता शर्माले उम्मेदवारी दिएका छन्।

क्षेत्र नम्बर १ बाट घनश्याम अधिकारी, मोहन पौडेल तथा क्षेत्र नम्बर २ बाट नुतनकुमार चौधरी स्वतन्त्र उम्मेदवार बनेका छन्। बर्दिया-१ मा नागरिक उन्मुक्ति पार्टी नेपालबाट मुस्लिम समुदायका अब्दुल खानको मनोनयनपत्र दर्ता भएको छ। त्यस्तै दलित समुदायबाट श्रम संस्कृति पार्टीमा धनबहादुर विक, नेपाल मानवतावादी पार्टीबाट मेघबहादुर कामी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट वीरबहादुर कामीले उम्मेदवारी दिएका छन्।

बर्दिया क्षेत्र नम्बर २ मा एमालेकी विमला विक र श्रम संस्कृति पार्टीका मानबहादुर बैगारले उम्मेदवारी दिएका छन्। जिल्लाका दुवै निर्वाचन क्षेत्रमा जेन-जी उमेर समूहका कुनै पनि उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छैनन्।



सबैभन्दा कम उमेरका जनता समाजवादी पार्टी नेपालबाट ३१ वर्षीय मनोज यादव र सबैभन्दा बढी उमेरका श्रम संस्कृति पार्टीबाट ७४ वर्षीय दानबहादुर बैगारले उम्मेदवारी दिएका छन्। बर्दियामा १ जना मुस्लिम, ५ जना दलित र बाँकी अन्य जातिबाट उम्मेदवारहरूले मनोनयन पत्र दर्ता गरेका हुन्।

जसमध्ये क्षेत्र नम्बर १ मा २२ जनाको उम्मेदवारी परेको छ। नागरिक उन्मुक्ति पार्टी नेपालबाट अब्दुल खान, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) इन्द्रबहादुर रावल, घनश्याम अधिकारी स्वतन्त्र, नेपाल जनमुक्ति पार्टी चन्द्राकुमारी राजगुरु, मंगोल नेसनल अर्गनाइजेसन ज्योति योञ्जन, राष्ट्रिय स्वतन्त्र पार्टी ठाकुर सिंह थारू, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) तिमोथी चौधरी, आम जनता पार्टी दत्ता थारू, श्रम संस्कृति पार्टी धनबहादुर विक, निर्मल अधिकारी स्वतन्त्र, नेपाल मजदुर किसान पार्टी पवित्रा शाहीको मनोनयनपत्र दर्ता भएको छ।

समाजवादी पार्टी मनोज यादव जनता, नेपाल मानवतावादी पार्टी मेघबहादुर कामी, मोहन पौडेल स्वतन्त्र, जनमत पार्टी नेपाल यमनाथ घिमिरे, प्रगतिशील लोकतान्त्रिक पार्टी राजु रानाभाट, राष्ट्रिय जनमोर्चा लोकबहादुर रानामगर, राष्ट्रिय प्रजातन्त्र पार्टी वीरबहादुर कामी, नेपाली कम्युनिस्ट पार्टी विष्णुप्रसाद चौधरी, राष्ट्रिय परिवर्तन पार्टी श्यामप्रसाद थारू, नेपाली कांग्रेस सञ्जयकुमार गौतम र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट शालिकराम अधिकारीको मनोनयन दर्ता भएको अधिकृतको कार्यालयले जनाएको छ। क्षेत्र नम्बर २ मा १८ जनाको उम्मेदवारी परेको छ। जनता समाजवादी पार्टीबाट अनिरुद्ध आर्य, नेपाली कांग्रेस किशोरसिंह राठोर, नागरिक उन्मुक्ति पार्टी नेपाल खुसीराम थारू, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) टीकाराम चौधरी, नेपाल मजदुर किसान पार्टी धर्मराज जैसी आचार्य, उज्यालो नेपाल पार्टी धर्मबहादुर चौधरी, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) नीता शर्मा, नुतनकुमार चौधरी स्वतन्त्र, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट नेत्रराज आचार्यले मनोनयन दर्ता गराएका छन्।

त्यस्तै, नेपाल कम्युनिस्ट पार्टी एमालेबाट विमला विक, श्रम संस्कृति पार्टी मानबहादुर बैगार, राष्ट्रिय जनमोर्चा रतन सिंह रावत, आम जनता पार्टी रामेश्वर चौधरी, जनमत पार्टी शशीकुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टी श्रीधर पोखेल, नेपाली कम्युनिस्ट पार्टी सुरेश पन्थ, राष्ट्रिय प्रजातन्त्र पार्टी सुशील चौधरी, मंगोल नेसनल अर्गनाइजेसनबाट सोमबहादुर तमाङले मनोनयन पत्र दर्ता गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

11th अन्नपूर्ण Ride for LIFE 2026
SCAN AND REGISTER